# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके,
लुम्बिनी प्रदेश, नेपाल

पत्र संङ्ख्या : ०७७/०७८
च.नं: ८७२

मिति: २०७७/०२/२४

**विषय: कागजातहरु पेस गर्ने सम्बन्धमा ।**

**श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु,**
**कोहलपुर नगरपालिका, बाँके ।**

**प्रस्तुत विषयमा यस शाखाको च.नं. ७९७ मिति २०७७/१२/२९ को सूचना बमोजिम कक्षाथप वा स्थानान्तरण वा विद्यालय पुन:नामाकरण गर्नका लागि यस शाखामा निवेदन पेस गरेका सामुदायिक तथा संस्थागत विद्यालयहरुले तपसिल बमोजिमका कागजातहरु मिति २०७८/०२/२८ भित्रमा यस शाखामा पेस गरी कागजातहरुको पुन: रुजू गराउनुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । म्याद नाघी पेस भएका कागजातउपर कुनै कार्यवाही प्रक्रिया अगाडि बढाइने छैन ।**

**(अनन्तकुमार पौड्याल)**
**शिक्षा शाखा प्रमुख**

**तपसिल**

**निवेदन दर्ता गराएका सामुदायिक तथा संस्थागत विद्यालयहरुले पेस गर्नुपर्ने कागजातहरु**

क. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको स्थिति रुजू फाराम

ख. नगरपालिकामा व्यवसाय दर्ता, नवीकरण दस्तुर, त्यस वर्षको कर दाखिला गरेको आधिकारिक तथा प्रमाणित कागजातहरु

ग. व्यवसाय धरौटी पूर्व प्राथमिक तहका लागि तिन लाख, कक्षा १-५ तहका लागि पाँच लाख, कक्षा ६-८ तह सम्मका लागि कुल दस लाख र कक्षा ९-१२ तहसम्मका लागि कुल पन्ध्र लाख रुपैयाँ धरौटी राखिएको प्रमाण खुल्ने कागजात (कार्यविधि जारी भएपछि उल्लिखित तह शुरु हुने कक्षाथप अनुमति माग गर्ने संस्थागत विद्यालयका लागि)

घ. पछिल्लो शैक्षिक वर्षको आर्थिक लेखा परीक्षणको प्रतिवेदन (कक्षाथप अनुमति माग गर्ने विद्यालयका लागि)

ङ. पछिल्लो शैक्षिक वर्षको सामाजिक परीक्षणको प्रतिवेदन (कक्षाथप अनुमति माग गर्ने विद्यालयका लागि)

च. विद्यालयको स्वीकृत विधान र विद्यालयको विनियमावली

छ. विद्यालयले पारित गरी लागू गरेको शिक्षा नियमावली, २०५९ को अनुसूचि–२२ तथा श्रम ऐन, २०७४ मा भएको व्यवस्था अनुसार शिक्षकहरुको सेवा, सुविधा उपलब्ध गराउने विद्यालय नीति (विद्यालय स्थापनाको लागि अनुमति माग गर्ने विद्यालयका लागि)

ज. शिक्षा नियमावली, २०५९ को अनुसूचि–२२ तथा श्रम ऐन, २०७४ (२०७५ को संशोधनसहितको) मा भएको व्यवस्था अनुसार विद्यालयले पारित गरी लागू गरेको शिक्षकहरुको तलब भत्तालगायतका मौद्रिक सेवासुविधाहरु उपलब्ध गराइएको चालु शैक्षिक सत्रको भरपाइ (कक्षाथप माग गर्ने विद्यालयका लागि)

झ. विद्यालयको शुरु स्थापना अनुमतिको प्रमाणपत्रको प्रतिलिपि (कक्षाथप अनुमति माग गर्ने विद्यालयका लागि)

ञ. पछिल्लो कक्षाथप अनुमतिको प्रतिलिपि

ट. विद्यालय वर्गीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (कक्षाथप अनुमति माग गर्ने विद्यालयका लागि)

ठ. विद्यालयले पारित गरेको शुल्क संरचना

ड. विद्यालयको नाममा रहेको एउटै कम्पाउण्डभित्र रहेको शैक्षिक प्रयोजनयोग्य जग्गाको धनीपूर्जा र घरको नक्सा र फोटो

ढ. जग्गा र घर भाडामा लिएको भए पाँच वर्षभन्दा बढी अवधिसम्म विद्यालय भाडामा सञ्चालन नभएको प्रमाण खुल्ने र एउटै कम्पाउण्डभित्र रहेको शैक्षिक प्रयोजनयोग्य जग्गाको सम्झौता पत्र र घरको नक्सा र फोटो । जग्गा कम्तिमा कक्षा १-५ का लागि ०-५-०, कक्षा १-८ सम्मका लागि ०-८-० र कक्षा १-१२ सम्मका लागि ०-१०-० बिगाहा जग्गाको क्षेत्रफल भएको ।

ण. सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ सम्बन्धी निर्देशिका, २०६९ बमोजिम रङ्गाइएको विद्यालय भवन र पहेँलो रङमा रङ्गाइएको विद्यार्थी बोक्ने गाडीको फोटो (गाडीमा विद्यालयको नाम लेखिएको स्पष्ट देखिएको)

त. पछिल्लो वर्षमा आई.ई.एम.आई.एस. (IEMIS) अद्यावधिक भए अनुसारको विद्यार्थी विवरणको प्रमाणित हार्डकपी (कक्षाथप अनुमति माग गर्ने विद्यालयका लागि)

थ. विद्यालयले स्थापना गरेको आकस्मिक कोषको स्थिति देखिने प्रमाणित विवरण र आकस्मिक कोष परिचालन निर्देशिका

द. निवेदन दर्ता दस्तूर (शाखामा निवेदन दर्ता गरेको समयमा)

ध. अनुमति पत्र दस्तूर (अनुमति प्रदान गर्ने निर्णय भएपछि प्रमाणपत्र पाउनुअघि)